# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

प्रदेश नं १ झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड २ भद्रपुर, असार २४ गते, २०७५ साल, संख्या ७

भाग १

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको ऐन सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

## भद्रपुर नगरपालिकाको

## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०७५

*स्वीकृत मिति: २०७५/०३/१०*
*प्रमाणीकरण मिति : २०७५/०३/२४*

## प्रस्तावनाः

भद्रपुर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भद्रपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि भद्रपुर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति करः**

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरीसम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**३. भूमिकर (मालपोत):**

नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लागाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

**४. घर जग्गा बहाल करः**

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (३) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

**५. व्यवसाय करः**

(१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) उपदफा (४) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची (५) मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः**

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनसूची (६) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

*स्पष्टीकरणः* यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले विक्रेताले जारी गरेको बिल वा बीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ती वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

**७. सवारी साधन करः**

(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा स्कुटरमा नगरपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (७) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन कर:**

(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

**९. मनोरञ्जन कर:**

(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शन हल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शन स्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले अनुसूची (९) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्क:**

(१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (१०) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमवाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्कः**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (११) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुरः**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँ तथा नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१२) मा उल्लेख भएबमोजिम हुनेछ ।

**१३. बिक्री तथा निकासी शुल्कः**

(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१३) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमवाट गरिने छ ।

**१४. घरजग्गा रजिष्ट्रेशन शुल्क** :

(१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१५. दण्ड जरिवानाः**

(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१६. कर छुट :**

(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको दश प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१७. प्रशासकीय पुनरावलोकन र पुनरावेदन:**

(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानबिन तथा निर्णय गरी सम्बन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

**१८. ठेक्का आह्वान गर्न सक्नेः**

(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

**१९. सहयोग गर्नुपर्नेः**

संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**२०. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :**

नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

**२१. कार्यविधि बनाउन सक्ने :**

(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

**२२. प्रचलित कानुन बमोजिम हुने :**

यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची १**

(ऐनको दफा २ को उपदफा(२) संग सम्बन्धित)

**सम्पत्ति करको दर**

**सम्पत्ति करको दर**

| कर योग्य मुल्यांकन | करको दर रू. |
|---|---|
| १) रू.१० लाख सम्म | ५० देखि २०० |
| २) रू.१० लाख १ देखि रू. २० लाखसम्म | ३०० देखि ४०० |
| ३) रू.२० लाख १ देखि रू.३० लाखसम्म | ६०० देखि १००० |
| ४) रू.३० लाख १ देखि रू.५० लाखसम्म | १५०० देखि ३००० |
| ५) रू.५० लाख १ देखि रू.१ करोडसम्म | ४००० देखि १०००० |
| ६) रू.१ करोड १ देखि रू.२ करोडसम्म | १३००० देखि २०००० |
| ७) रू.२ करोड १ देखि रू.५ करोडसम्म | २६००० देखि ६०००० |
| ८) रू.५ करोड १ देखि माथि | रू.२१०० प्रति हजार |

## अनुसूची २

(ऐनको दफा ३ संग सम्बन्धित)

## भूमीकर (मालपोत) को दर

१. भूमि कर

| जग्गाको क्षेत्रफल | भूमीकर प्रति कठ्ठा रु |
|---|---|
| वडा नं. १,२, ३ र ४ मा पर्ने | १५ |
| वडा नं. ५,६, ७,८, ९ र १० मा पर्ने | २५ |

द्रष्टव्य :

(१) भूमिकर ( मालपोत) को कूल रकम वार्षिक क्रमश १५ तथा २५ .रुपैयाँभन्दा कम हुनेभएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर क्रमश १५ तथा २५ रुपैयाँ कायम गरिनेछ।

(२) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

## अनुसूची ३

(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)

### घर जग्गा बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा १० प्रतिशतका दरले बहाल कर लिइने छ ।

# अनुसूची ४

(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)

## ब्यबसाय इजाजत (दर्ता नबिकरण) दस्तुरको दर

| क्रम संख्या | व्यबसायको किसिम | दस्तुर रकम रु |
|---|---|---|
| | व्यापार व्यवसाय | |
| १( | गल्ला तथा किराना पसल | |
| | किराना थोक तथा खुद्रा पसल | १,०००।०० |
| | किराना खूद्रा पसल | ७००।०० |
| | भित्री सडकमा रहेका साना किराना पसल | ५००।०० |
| २( | **कपडा तथा फेन्सी पसल रेडिमेट तथा थानवाला** | |
| | कपडा तथा फेन्सी थोक पसल | ५,०००।०० |
| | कपडा तथा फेन्सी खूद्रा पसल श्रेणी क | ३,५००।०० |
| | कपडा तथा फेन्सी खूद्रा पसल श्रेणी ख | २,५००।०० |
| | ब्याग हाउस | २,५००।०० |
| ३ | **जुत्ता चप्पल पसल** | |
| | जूताको शो रुम | ५,०००।०० |
| | जूता चप्पल बिक्रि गर्ने पसल श्रेणी क | २,५००।०० |
| | आफै जुत्ता बनाई बेच्ने १ जना लाई पूर्ण छुट | |
| | | |
| ४ | **भाडा पसल, किचन सामाग्री** | |
| | भाडा तथा किचन सामाग्री थोक पसल | ५,०००।०० |
| | भाडा तथा किचन सामाग्री पसल | २,५००।०० |
| | साधारण भाडा खूद्रा पसल | २,०००।०० |
| | आफ्नो श्रम मुलक काम तथा माटाका भाडा वनाई बिक्री गर्ने तथा | ५००।०० |
| | नोटअपाग : तथा विधुवालाई पूर्ण छुट | |
| ५ | **होटेल एंड लज** | |
| | होटेल एंड लज श्रेणी क 5 star | ५०,०००।०० |
| | होटेल एंड लज श्रेणी ख 4 star | ४०,०००।०० |
| | होटेल एंड लज श्रेणी क 3 star | ३०,०००।०० |
| | होटेल एंड लज श्रेणी ख 2 star | २०,०००।०० |

| | | |
|---|---|---|
| | होटेल एंड लज श्रेणी ख 1 star | १०,०००।०० |
| | भोजनालय | २,०००।०० |
| | रेस्टुरेन्ट /बार | ४,०००।०० |
| | दोहरी सांझ /नाच गान भएको | ७,०००।०० |
| | होटेल ,लज, मिष्ठान्न , क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै ३ प्रकारका संयुक्त सेवा व्यवसाय | ५,०००।०० |
| | होटेल ,लज, मिष्ठान्न , क्याटरिंग आदि सेवाहरु मध्ये कम्तिमा कुनै २ प्रकारका संयुक्त सेवा व्यवसाय | ४,०००।०० |
| | क्याटरिंग पसल श्रेणी | ३,५००।०० |
| | मिष्ठान्न पसल श्रेणी क | २,०००।०० |
| | चिया कफी तथा मिठाई पसल श्रेणी ख | १,२००।०० |
| | सामान्य चिया कफी (फुटथापमा) | ५००।०० |
| | पार्टी प्यालेस | १०,०००।०० |
| | मादक पदार्थ बिक्री गर्ने पसल तथा खाना खुवाउने | ३,०००।०० |
| | मादक पदार्थ बिक्री गर्ने साधारण | २,०००।०० |
| | डेयरी पसल | १,२००।०० |
| ६ | **निर्माण सामग्री तथा विद्युत सामाग्री पसल** | |
| | हार्ड वेयरसेनेटरी/ पेन्ट/मेशिनरी/ तथा मार्बल पसल | ५,०००।०० |
| | विद्युत सामाग्री खूद्रा पसल | ३,०००।०० |
| | सोलार बत्ति बिक्री पसल | २,०००।०० |
| | ग्लास हाउस | १,५००।०० |
| ७ | **सुनचांदी तथा गहना बनाउने पसल** | |
| | सून चादी पसल श्रेणी क | ६,०००।०० |
| | सून चादी पसल श्रेणी ख | ३,०००।०० |
| ८ | **स्टेशनरी,पूस्तक तथा मनिहारी पसल** | |
| | स्टेशनरी तथा पूस्तक dristibutes श्रेणी क | ५,०००।०० |
| | स्टेशनरी तथा पूस्तक थोक | ३,५००।०० |
| | स्टेशनरी तथा पूस्तक खूद्रा | २,५००।०० |
| | **कस्मेटिकि पसल** | |
| | कस्मेटिकि थोक पसल | ३,५००।०० |
| | कस्मेटिकि खुद्रा पसल | २,५००।०० |

| | | |
|---|---|---|
| | धागो टाक फस्नर थोक पसल | १,७००।०० |
| | धागो टाक फस्नर खुद्रा पसल | १,२००।०० |
| ९ | **माछा, मासु विक्री पसल** | |
| | मासु /ताजा माछा/ सिद्रा विक्री पसल विक्री पसल | १,०००।०० |
| | अण्डा विक्री पसल | ५००।०० |
| | गाइगोरु, रांगाभैंसी, खसीबोका छाला संकलन वा विक्रि | १,०००।०० |
| १० | **औषधी व्यवसाय** | |
| | औषधी थोक तथा dristibutes | ५,०००।०० |
| | औषधी पसल चिकित्सक राखि व्यवसाय गरेका | ५,०००।०० |
| | औषधी खूद्रा पसल | ३,०००।०० |
| | आयुर्वेदिक /होम्योपेथिक औषधी पसल | २,०००।०० |
| | एग्रोभेट थोक पसल / किटनाशन औषधि तथा मल खाद बिक्रेता (ठुलोको लागी) | ५,०००।०० |
| | एग्रोभेट खूद्रा पसल किटनाशन औषधि तथा मल खाद / बिक्रेता साना ) (किसानको लागी | २,५००।०० |
| ११ | **सूचीकार (सिलाईपसल (** | |
| | सिलाई पसल श्रेणी क दुई थान मेसिन भन्दा बढी भएको | १,५००।०० |
| | सिलाई पसल श्रेणी ख दुई थान मेसिन सम्म भएको | १,०००।०० |
| | बुटिक ल्याब्रटोरी | १,५००।०० |
| | नोटहाते : मेसिन राखि सिलाई गर्नेलाई कर नलिने । | |
| १२ | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | मोवाइल कम्पनी सेल्फ उपशाखा, distibutes | ५,०००।०० |
| | फ्रीज ,टि डेक. भी.,तथा पार्ट विक्री पसल | ५,०००।०० |
| | मोबाईल,क्यमरा, रेडीयो , घडी पसल | ३,०००।०० |
| | रेडीयो,घडी,,क्याल्कूलेटर पसल | २,०००।०० |
| | अडीयो , भिडीयो क्यासेट पसल | १,५००।०० |
| १३ | **मर्मत तथा संभार सेवा** | |
| | इन्जिन मर्मत बस (हेभी), ट्रक तर्फ | ३,०००।०० |
| | जीप, कार तथा टेक्टर मर्मत तथा सर्भिसिंग | ३,०००।०० |
| | मोटरसाइकल मर्मत | २,५००।०० |
| | टि भि.,डेक ,मोबाईल ,फ्रिज मर्मत सेवा | १,५००।०० |

| | | |
|---|---|---|
| | इलेक्ट्रोनिक मर्मत सेवा | १,५००।०० |
| | रेडीयो,घडी,,क्याल्कूलेटर र प्रेसर कुकर, हिटर तथा अन्य सानो विद्‌युत समान मर्मत पसल | १,५००।०० |
| | रिक्सा, साईकल मर्मत | ७००।०० |
| | सवारी साधन सर्भिसिंग (सवारी धुलाई) | ७००।०० |
| | फमाल जस्तापाताको सामाग्री वनाउने तथा मर्मत गर्ने | १,५००।०० |
| | टायर रिसोलिंग | १,५००।०० |
| | टायर मर्मत ,हावा भर्ने पञ्चत हाल्ने | १,०००।०० |
| १४ | **सवारी साधन एजेन्सी,थोक विक्री पसल तथा पार्ट पुर्जा पसल** | |
| | बस,ट्रक , ट्याक्टर जिप,कार प्रति डिलर | १०,०००।०० |
| | मोटरसाइकल डिलर | ९,०००।०० |
| | साईकल निर्माण तथा बिक्री | ६,०००।०० |
| | मोटर पार्ट तथा बोडी बिल्डर्स सामान विक्री श्रेणी क | ५,०००।०० |
| | टायर डिलर | ४,०००।०० |
| १५ | **सञ्चार सेवा** | |
| | कलरल्याव सेवा | १,५००।०० |
| | फोटो स्टुडियो सेवा | १,०००।०० |
| | टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई निजी | ५,०००।०० |
| | मोवाईल सेवा प्रदायक कम्पनी को र्सर्भिस सेन्टर | ५,०००।०० |
| | मोवाईल सेवा प्रदायक कम्पनी को shop | २,०००।०० |
| | टि.भि. च्यानल प्रसारण सेवा | १०,०००।०० |
| | केबूल च्यानल प्रसारण सेवा | ५,०००।०० |
| | एफप्रसारण.एम. सेवा | ५,०००।०० |
| | टुर एंड ट्राभल्स सेवा वायु सेवा कम्पनिको / शाखा | ३,०००।०० |
| | फोटोकपिसाइवर.ओ.सी.पी/ क्याफे सेवा | २,०००।०० |
| | कुरियर सेवाको मुख्य कार्यालय | २,५००।०० |
| | कुरियर सेवाको शाखा कार्यालय | १,५००।०० |
| १६ | **ड्राईक्लिनिक धोवि पसल -** | |
| | ड्राई- क्लिनिक पसल | १,५००।०० |
| १७ | **सैलुन तथा ब्युटिपार्लर सेवा** | |
| | ब्युटि पार्लर सेवा ब्युटिशियन तालिम सहितको | २,५००।०० |

| | | |
|---|---|---|
| | ब्युटि पार्लर सेवा | १,५००।०० |
| | सैलून २ सीट माथि | १,५००।०० |
| | सैलून २ सीट सम्म | १,०००।०० |
| १८ | **मदिरा, सुर्ती जन्य, हल्का पेय पसल** | |
| | रक्सी, वियरको distributes | १०,०००।०० |
| | रक्सी, वियरको डीलरसप्लायर्स/ | ७,५००।०० |
| | रक्सी, वियरको खूद्रा बिक्रि पसल | ३,०००।०० |
| | चूरोट , बिडी , सुर्तीजन्य पदार्थको डीलर पसल | ६,०००।०० |
| | चूरोट , बिडी , सुर्तीजन्य पदार्थको थोक पसल | ५,०००।०० |
| | चूरोट , बिडी , सुर्तीजन्य पदार्थको खुद्रा पसल | २,०००।०० |
| | हल्का पेय पदार्थको डीलर | ४,०००।०० |
| | हल्का पेय पदार्थको खूद्रा पसल | १,५००।०० |
| १९ | **चियापत्ति बिक्रेता** | |
| | चियापत्ति बिक्रेता थोक | ३,०००।०० |
| | चियापत्ति बिक्रेता खुद्रा | १,५००।०० |
| २० | **बित्तीय सेवा** | |
| | बाणिज्य वैंक तथा बिकास बैंक प्रति शाखा कार्यालय | २०,०००।०० |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | १०,०००।०० |
| | फाइनान्स कम्पनी शाखा प्रति शाखा | ७,०००।०० |
| | वित्तीय सहकारी संस्था ( बहुउदेसिय) | ३,०००।०० |
| | वित्तीय सहकारी संस्था (अन्य) | १,०००।०० |
| | लघुवित्त कम्पनीहरु | ३,५००।०० |
| | विमा कम्पनीहरु मुख्य कार्यालय | १०,०००।०० |
| | विमा कम्पनीहरु शाखा | ५,५००।०० |
| | मनी एक्सचेन्जर | ३,०००।०० |
| २१ | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ पम्प भएको | ५,०००।०० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | ३,५००।०० |
| | ग्यांस सिलिन्डर विक्री डिलर | २,०००।०० |
| | मातितेल बिक्री गर्नेलाई | १,०००।०० |
| २२ | कवाडी समान, खालि वोरा खरिद बिक्री | ४,०००।०० |

| | | |
|---|---|---|
| २३ | बांस तथा ढुंगा , गिट्टी जम्मा गरी बिक्री गर्ने | १,२००।०० |
| २४ | टेन्ट हाउस तथा पेण्डाल बनाउने | |
| | टेन्ट हाउस | २,५००।०० |
| | पेण्डाल बनाउने (विदेशी भारतीयलाई पटके) | ४,५००।०० |
| | माइकविजूली/ डेकोरेशन | १,५००।०० |
| | क्याटरिंगको समानहरु भाडामा उपलब्ध गराउने | १,२००।०० |
| | बैण्ड बाजा | १,०००।०० |
| २५ | **काठ तथा कोइला खरिद बिक्री** | |
| | कोईला खरिद बिक्री | ७,०००।०० |
| | काठ तथा दाउरा | ३,०००।०० |
| | दाउरा मात्र विक्री गर्ने | २,०००।०० |
| २६ | **फर्निचर एवं फर्निशर्स** | |
| | स्टील , काठ आल्मूनियमको फर्निचर पसल | ३,०००।०० |
| | फर्निशर्स पसल | २,०००।०० |
| २७ | स्नुकरपुल हाउस/ | १,०००।०० |
| २८ | बिज्ञापन सेवा | १,५००।०० |
| २९ | रोजगारी सेवा | |
| | स्वदेशी रोजगारी सेवा | १,५००।०० |
| | विदेशी रोजगारी सेवा | ५,०००।०० |
| ३० | साईनबोर्ड लेख्ने ( पेन्टर) | १,०००।०० |
| ३१ | हाउजिंग कम्पनी (जग्गा खरिद बिक्री) | ५,०००।०० |
| ३२ | पेशा (बिशेषज्ञ परामर्श तथा अन्य ब्यवसायीक सेवा) | |
| | चिकित्सक | ३,०००।०० |
| | पशु चिकित्सक | ३,०००।०० |
| | दन्त चिकित्सा सेवा | ३,०००।०० |
| | इन्जिनियर | ३,०००।०० |
| | सव इन्जिनियर | २,५००।०० |
| | कानून व्यवसायी वरिष्ठ अधिवक्ता | |
| | कानून व्यवसायी अधिवक्ता | ३,०००।०० |
| | अभिकर्ता , ईजाजत प्राप्त लेखापढी व्यवसायी | १,०००।०० |
| | कम्पाउण्डर | १,०००।०० |

| | | |
|---|---|---|
| | विमा एजेन्ट / शेयर दलाल | १,०००।०० |
| | कबिराज | १,०००।०० |
| | अनुसन्धानकर्ता परामर्श दाता | ३,०००।०० |
| | सर्भेयर | २,०००।०० |
| | कन्सल्टेन्ट सेवा | ७,०००।०० |
| **३३** | **निर्माण ब्यवसाय** | |
| | श्रेणी क | १०,०००।०० |
| | श्रेणी ख | ७,०००।०० |
| | श्रेणी ग | ५,०००।०० |
| | | |
| | विदेशी निर्माण ब्यवसायी भएमा | दोव्वर |
| | घर निर्माण ठेकदेदारी व्यवसाय | ३,०००।०० |
| ३४ | **लेखा परिक्षण ब्यवसाय तर्फ** | |
| | लेखा परिक्षण ब्यवसाय श्रेणी क | ३,०००।०० |
| | लेखा परिक्षण ब्यवसाय श्रेणी ख | २,५००।०० |
| | लेखा परिक्षण ब्यवसाय श्रेणी गघ/ | २,०००।०० |
| | कम्प्युटर एनालिस्ट तथा प्रोग्ारमर | २,०००।०० |
| | अनूवादक | १,५००।०० |
| | सामान ढुवानीकर्ता तथा कम्पनी | २,०००।०० |
| ३५ | **शिक्षा सेवा** | |
| | निजी शिक्षालय क्याम्पस | ५,०००।०० |
| | निजी शिक्षालय उच्च माध्यमिक विद्यालय | ४,०००।०० |
| | निजी शिक्षालय माध्यमिक विद्यालय | ३,०००।०० |
| | निजी शिक्षालय आधारभुत विद्यालय १ देखि ८ सम्म | २,५००।०० |
| | आधारभुत विद्यालय १ देखि ५ सम्मपूर्व / प्राथमिक विद्यालय | २,०००।०० |
| | छात्र / छात्राबस | १,५००।०० |
| | मंटेवारी तथा शिशू स्याहर केन्द | २,०००।०० |
| | पोली टेकनिकल इन्स्टिच्युट , प्रशिक्षण समेत | ३,०००।०० |
| | नर्सिंग , सिएप्रशिक्षण समेत .ए.र एच .ए.मए. | ४,०००।०० |
| | एजुकेशनल कन्सल्टेन्सी सेवा | २,०००।०० |
| | तालिम तथा अनूसन्धान केन्द्र | २,०००।०० |

| | | |
|---|---|---|
| | कम्प्यूटर भाषा शिक्षा /तालिम. इलेक्ट्रोनिक/ /कोचिंग सेन्टर /सवारी चालक तालीम केन्द्र | २,०००।०० |
| | संगीत /डान्स तालिम केन्द्रफिटनेस) जिमखाना / सेन्टर ( | १,०००।०० |
| ३६ | **गैर सरकारी संस्थाहरु** | |
| | अन्तरास्ट्रिय गैर सरकारी संस्थाहरु | ५,०००।०० |
| | रास्ट्रीय गैर सरकारी संस्थाहरु | ३,०००।०० |
| | स्थानीय गैर सरकारी संस्थाहरु | ५००।०० |
| ३७ | **स्वास्थ सेवा** | |
| | गैह्र सरकारी अस्पताल नर्सिंगहोम / | ५,०००।०० |
| | एम.आइ.आर., सिस्क्यान. टि., अल्ट्रा साउण्ड क्लिनिक | ३,०००।०० |
| | दिशा,पिसाव,रगत जांच तथा एक्सरे क्लिनिक ( प्याथोलोजी क्लिनिक) | ३,०००।०० |
| | अक्युपन्चर,थेरापी, | २,०००।०० |
| | चश्मा पसल श्रेणी | १,५००।०० |
| ३८ | पशुपंक्षिको आहार दाना/ बिक्री पसल | १,५००।०० |
| ३९ | डिपार्टमेन्टल पसल | ५,०००।०० |
| ४० | गिफ्ट तथा फोटो प्रेम पसल | १,५००।०० |
| ४१ | बांसको नाग्लो, डोको, कुचो बिक्री | १,०००।०० |
| ४२ | दालचिनी, अलैचि, सकमेल, सुपाडी बिक्री गर्ने (सामान्य) | १,०००।०० |
| ४३ | लूब्रिकेसन सेकेसन तर्फ | |
| | लूब्रिकेसन Distributes | ५,०००।०० |
| | लूब्रिकेसन खूद्रा बिक्री | २,५००।०० |
| ४४ | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | ३,०००।०० |
| ४५ | फलफूल पान पसल / | |
| | फलफूल थोक पसल | २,५००।०० |
| | फलफूल खुद्रा पसल | १,०००।०० |
| | सागसब्जी थोक पसल | १,५००।०० |
| | सागसब्जी खुद्रा पसल | १,०००।०० |
| | फुल तथा विरुवा बिक्रेता | १,०००।०० |
| | पान पसल | १,०००।०० |
| ४६ | **छापाखाना** | |
| | अफसेट सिलिण्डर सहित प्रेस | ५,०००।०० |

| | | |
|---|---|---|
| | छापाखाना | २,०००।०० |
| | स्क्रिन प्रिन्ट | १,५००।०० |
| ४७ | **नर्सरी व्यवसाय** | |
| | चिया नर्सरी | ३,३००।०० |
| | नर्सरीचिया) वाहेक( | २,२००।०० |
| ४८ | मोविल रिफाइन उद्योग | १,६५०।०० |
| ४९ | चाउचाउ उद्योग | ११,०००।०० |
| ५० | कूकिजपाउरोटी/ उद्योग | २,२००।०० |
| ५१ | पापड नूडल्स उद्योग/फिगर/चिप्स/ | २,७५०।०० |
| ५२ | सुर्तीजन्य,गुटका,बिडी उद्योग | १३,२००।०० |
| ५३ | अगर बत्ती तथा मैन बत्ती उद्योग | २,२००।०० |
| ५४ | दालमोठफुकुरदाना उद्योग /भुजिया / | २,२००।०० |
| ५५ | मसला उद्योग | ७,७००।०० |
| ५६ | कपास उद्योग | ५,५००।०० |
| ५७ | इलेक्ट्रिक स्विच बोड बनाउने | १,१००।०० |
| ५८ | सेलर मिल - फ्लावर मिल/ | ५,५००।०० |
| ५९ | हलर मिलपेलानी मिल / चिउरा कुटानी / | ३,३००।०० |
| ६० | प्लास्टिक उद्योग | ८,८००।०० |
| ६३ | जुट बाइनडिंग तर्फ | |
| | मेसिनवाट जुट बाइनडिंग | २,७५०।०० |
| | हातवाट जुट बाइनडिंग | १,६५०।०० |
| ६४ | डेरी उद्योग | २,२००।०० |
| ६५ | कराही उद्योग | २,२००।०० |
| ६६ | गलौचा उद्योग | ११,०००।०० |
| ६७ | पलाइउड उद्योग | ११,०००।०० |
| ६८ | **गारमेन्ट उद्योग** | |
| | १०० भन्दा बढी मेशीन भएको | ८,८००।०० |
| | ५० देखि १०० मेशनि भएको | ५,५००।०० |
| | १ देखि ५० सम्म मेशिन भएको | ३,३००।०० |
| ६९ | **फर्निचर तथा सःमिल** | |
| | सःमिल | ५,५००।०० |

| | | |
|---|---|---|
| | फर्निचर उद्योग | ३,३००।०० |
| | विट उद्योग | २,७५०।०० |
| ७० | ग्रील उद्योग | ३,३००।०० |
| ७१ | पशू आहर उद्योग | ८८००।०० |
| ७२ | कन्फेक्सनरी उद्योग | ३,८५०।०० |
| ७३ | सिरक डसना उद्योग | ४,४००।०० |
| ७४ | मिनरल वाटर उद्योग | ४,४००।०० |
| ७५ | बरफ, आइसक्रीम उद्योग | २,२००।०० |
| ७६ | भाडा उद्योग | २,७५०।०० |
| ७७ | तामा, पित्तल, कूकर | ४,४००।०० |
| ७८ | आल्मूनियम फिल्टर /आल्मूनियमको गृल तथा सामान बनाउने | ४,९५०।०० |
| ७९ | बाल्टी स्टोभ/ | १,६५०।०० |
| ८० | सोडा /स्क्वास शर्वत उद्योग | २,७५०।०० |
| ८१ | अचार जस्ता घरेलु उद्योग | १,१००।०० |
| ८२ | सेनेटरी उद्योग | ५,५००।०० |
| ८३ | भेनियर उद्योग | ८,८००।०० |
| ८४ | पशु पालन उद्योग | ३,३००।०० |
| ८५ | पन्छी पालन उद्योग | २,२००।०० |
| ८६ | चिया उद्योग (हरियो पत्ती पेली चिया उत्पादन गर्ने) | ८,८००।०० |
| ८७ | चिया उद्योग सानो) ग्रिन चिया उत्पादन गर्ने( | ४,०००।०० |
| ८८ | रेलिंग,पुल, इनारको रिंग तथा सिमेन्टका अन्य सामान बनाउने उद्योग | २,२००।०० |
| ८९ | सिमेन्टका पोल तथा ह्युम पाईप उद्योग | ५,५००।०० |
| ९० | जुट तथा धागोवाट तैयार गरिने झोला | २,२००।०० |
| ९१ | एलजी.पि. ग्यास उद्योग | ११,०००।०० |
| ९२ | इँट उद्योग | ११,०००।०० |
| ९३ | उनि कपडा उद्योग | २,२००।०० |
| ९४ | कोल्ड स्टोरेज | ११,०००।०० |
| ९५ | इन्टरनेट सेवा प्रदायक | ७,७००।०० |
| ९६ | सिमेन्ट उद्योग | १३,२००।०० |
| ९७ | रासायनिक मल उद्योग | ११,०००।०० |
| ९८ | वायर उद्योग | ११,०००।०० |

| | | |
|---|---|---|
| ९९ | चियापत्ति प्याकेजिग उद्योग | ६,६००।०० |
| १०० | क्रसर उद्योग | १०,०००।०० |
| १०१ | हस्तकला उद्योग | १,६५०।०० |

## अनुसूची ५

(ऐनको दफा ५ को उपदफा(५) संग सम्बन्धित)

**ब्यबसाय करको दर**

**अनुसूची ४ बमोजिम नै ब्यवसायको दर हुनेछ।**

**अनुसूची ६**

(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)

## जडिबुटी, कवाडी, जीवजन्तु करको दर

| क्र. सं | करको किसिम | करको दर (रकम रु) |
|---|---|---|
| **क)** | **ऊन, खोटो, जडिबुटी, वनकस** | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | –।१० पैसा |
| २. | खोटो, सालधुप प्रति के.जी. | १।– |
| ३. | जटिबुटीहरु (..................................................) प्रति के. जी. | १।– |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो) प्रति के.जी. | –।२० पैसा |
| **ख)** | **कवाडी मालसामान .** | |
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी प्रति गोटा | १।– |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | १।– |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रभित गोटा | –।५० पैस |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रभित के.जी | २।– |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यँन्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोराप्रभित | <br>१।–<br>२।–<br>३।– |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अँट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अँट्ने सानो प्रभित गोटा | <br>१०।–<br>५।– |
| ७. | पुनः प्रशोधन (रिसाइकलिङ्ग) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी<br>गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी.<br>जलेको मोविल प्रति लिटर<br>जुट र प्लाष्टिकका बोरा प्रति के.जी.<br>कार्पेटका टुक्रा प्रति के.जी.<br>टायरट्यूब प्रति के.जी.<br>थोत्रो टिन प्रति के.जी.<br>पुरानो ड्रम प्रति के.जी.<br>पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी.<br>पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी.<br>धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू<br>(क) फलाम प्रति के.जी.<br>(ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी.<br>(ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी.<br>पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी.<br>सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | <br>१।–<br>१।–<br>५।–<br>१।–<br>१।–<br>१।–<br>२।–<br>५।–<br>१।–<br>१।–<br>१।–<br>१।–<br>२।–<br>५।–<br>३।–<br>२।– |

| | | |
|---|---|---|
| | काँचको धुलो र टुक्रा प्रति के.जी. | १।–<br>१।– |
| ग) | **प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला**<br>हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख प्रति के.जी.<br>हाड प्रति के.जी.<br>सिंग प्रति के.जी.<br>खूर प्रति के.जी.<br>छाला (ठूलो) प्रति गोटा<br>छाला (सानो) प्रति गोटा | <br><br>१।–<br>१।–<br>१।५०<br>१।५०<br>२०।–<br>१०।– |

**अनुसूची ७**

(ऐनको दफा ७ को उपदफा(२) संग सम्बन्धित)

## सवारी साधन करको दर

| **क.स.** | **सवारी साधनको किसिम** | **वार्षिक करको दर (रकम रु)** | **कैफियत** |
|---|---|---|---|
| १. | अटोरिक्सा निजि | ५,०००।०० | |
| २. | अटोरिक्सा भाडा | ४,०००।०० | |
| ३. | विद्युतीय रिक्सा | १०००।०० | |
| ४ | विद्युतीय स्कुटर | ५००।०० | |

**अनुसूची ८**
(ऐनको दफा ८ को उपदफा(१) संग सम्बन्धित)

## विज्ञापन करको दर

| **विज्ञापन सामग्रीको किसिम** | **करको दर (रकम रु)** |
|---|---|
| होर्डिंग बोर्ड प्रति वर्ग फिट | २५।०० |
| नियोन  बोर्ड प्रति वर्ग फिट | २०।०० |
| ग्लो साईन विद्युतिय बोर्ड प्रति वर्ग फिट | ३०।०० |
| स्क्रिन वोर्ड प्रति वर्ग फिट | १५।०० |
| त्रिभिजन वोर्ड प्रति वर्ग फिट | ३०।०० |
| फिल्मी व्यानर वा पोस्टर प्रति  वर्ग फिट | १०।०० |
| आकासे वेलुन प्रति वर्ग फिट | ५००।०० |
| साना वोर्ड ३०  वर्ग फिट भन्दा घटी | ३०।०० |
| गाडीमा लेखि विज्ञापज प्रति वर्ग फिट | २५।०० |
| गाडीमा वोकि विज्ञापन प्रति वर्ग फिट | ३०।०० |
| व्यानर गेट | १००।०० |
| ठुलो साइज  व्यानर | ३००।०० |
| वाल पोस्टर प्रति वर्ग फिट | ५।०० |
| वाल पेन्टिंग प्रति वर्ग मिटर | ५।०० |

**अनुसूची ९**

(ऐनको दफा ९ को उपदफा(१) संग सम्बन्धित)

## मनोरञ्जन करको दर

| **क्र.स.** | **मनोरञ्जन व्यबसायको किसिम** | **वार्षिक करको दर (रकम रु)** |
|---|---|---|
| १. | सिनेमा हल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, | प्रबेश शुल्कको पाँच प्रतिशत |
| २. | जादू, सर्कस, चटक | दैनिक पाँच सय |

**अनुसूची १०**

(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)

## बहाल बिटौरी शुल्कको दर

| क.सं. | सम्पत्तिको किसिम | शुल्कको दर (रकम रु) |
|---|---|---|
| १. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका<br>क) मुख्य मेची मार्ग मुख साइडको जग्गा प्रति वर्गफिट मासिक रु.<br>ख) भित्रीसडकमा, गुद्री पट्टी र बसपार्क समेतको पिच सडकले छोएको जग्गा प्रति वर्ग फिटमासिक रु.<br>ग) सो बाहेक अन्य सम्पूर्ण जग्गा प्रति वर्ग फिटमासिक रु.<br>घ) खेती योग्य जमीन प्रति कठ्ठा वार्षिक रु.<br>कृषकहरुले तरवुजा खेतीको प्रति कठ्ठाको करनतिरी मेची बगरवाट बिक्रीका लागि लगेमा प्रति गाडा रु १००/-, प्रति टेक्टर / पिकअप भेन रु ५००/- प्रति ट्रक रु २,०००/- का दरले असुल गरिनेछ । | १०।००<br>५।००<br>२।००<br>१५०।०० |
| २. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल वर्गीकरण अनुसार प्रति पसल प्रति दिन<br>सागसव्जी पसल (हरियोपात) सानो | ५।०० |
| | सागसव्जी पसल (हरियोपात) ठुलो | ७।०० |
| | तरकारी जन्य पसल दैनिक | १०।०० |
| | फलफुल र सो सरह पसल | १५।०० |
| | किराना पसल | १५।०० |
| | थान कपडा पसल | २५।०० |
| | रेडिमेड कपडा पसल वाहिरवाट तैयार भई आएको | २५।०० |
| | रेडिमेड कपडा पसल स्थानीय सुचिकारवाट तैयार भई आएको | ७।०० |
| | काठको सामान बिक्री गर्ने | १५।०० |
| | सिल्भर, स्टील , धातुका भाडाकुडा बिक्री गर्ने | २५।०० |
| | पुजापाठका भाडाकुडा तथा समान बिक्री | १५।०० |
| | फलाम पसल स्थानीय उत्पादन | ७।०० |
| | फलाम पसल बाहिर उत्पादन भई आएको | १५।०० |
| | हास, कुखुरा , परेवा प्रति गोटा | ५।०० |
| | हास, कुखुराका अण्डा बेच्ने | ७।०० |
| | कागती मात्र बेच्ने | ७।०० |
| | सुनार पसल | २५।०० |
| | हजाम, मोचि | ७।०० |
| | चट्टी, झल्ला बेच्ने | ७।०० |
| | अस्थायी काटा (फ़डिया ) | १०।०० |
| | डोको, नाम्लो, घुम , कुचो बेच्ने लाई | १५।०० |
| | औषधि, जडिबुटी बेच्ने पसल | १०।०० |

| | | |
|---|---|---|
| | सुकमेल, ल्वाग बेच्ने पसल | १५।०० |
| | छुर्पी थोक पसल | २०।०० |
| | जुत्ता चपल पसल | १५।०० |
| | माछा पसल ठुलो (माछा बिक्री स्थल बाहेक) | २५।०० |
| | माछा पसल सानो (माछा बिक्री स्थल बाहेक) | १०।०० |
| | मुरई , चिउरा बेच्ने पसल | १५।०० |
| | चिया नास्ता तथा खाना बेच्ने पसल | १५।०० |
| | फुलफल रस (जुस) बेच्ने | १५।०० |
| | विस्कुट, पापड , प्याजी, पाउरोटी बेच्ने पसल | ७।०० |
| | तस्वीर, पुस्तक बेच्ने | १५।०० |
| | मनिहारी, चुरा पसल | १५।०० |
| | धागो, रिवन पसल | ७।०० |
| | माटाका भाडा कुडा बेच्ने पसल | ७।०० |
| | छाता ,टर्च लाईट मर्मत गर्ने | ७।०० |
| | टोपी बेच्ने | ७।०० |
| | तयारी झोला बेच्ने | ७।०० |
| | घडी विक्री गर्ने | १५।०० |
| | विउ विजन बेच्ने | १५।०० |
| | फलफुलका वोट विरुवा बेच्ने | २०।०० |
| | फुलका विरुवा बेच्ने | १५।०० |
| | साग सव्जीका विरुवा बेच्ने | ७।०० |
| | ठेलामा चाउमिन, मम, पानीपुरी बेच्ने | २०।०० |
| | रेडियो, लाइटर लगाएत चायनीज तथा अन्य विदेशि सामान बेच्ने | २०।०० |
| | सुर्तीजन्य सामान बेच्ने | २०।०० |
| | खसी, बोका, भेडा, च्यांग्रा, सुंगुर, बंगुर, पाठापाठी, बाख्रा, बाख्रीमा रु.७००।०० सम्म मूल्य पर्नेलाई लिने दिने दुवैबाट प्रति गोटा रु.१०।००, रु.१०।०० पर्ने गरी जम्मा रु.२०।०० र रु.७००।०० भन्दा बढी मोल पर्नेलाई लिने दिने दुवैबाट रु.१।००, रु.१।०० गरी सयकडा रु. | २।०० |
| | एक परिवारबाट २ वटा कुखुरा बेच्न ल्याएमा कर नलिने । सो माथि जतिसुकै ल्याएमा कुखुरा (चल्ला बाहेक) प्रति गोटा लिने दिनेबाट बराबर पर्ने गरी रु.५।०० का दरले प्रति गोटा रु. | ५।०० |
| | एक परिवारबाट २ वटा हांस बेच्न ल्याएमा कर नलिने । सो भन्दा माथि जतिसुकै ल्याएमा प्रति गोटा लिने दिने दुवैबाट बराबर पर्ने गरी रु.५।०० का दरले प्रति गोटा रु. | ५।०० |
| | एक परिवारबाट १ जोडी परेवा बेच्न ल्याएमा कर नलिने । सो भन्दा माथि जतिसुकै ल्याएमा प्रति जोडी लिने दिनेबाट बराबर पर्ने गरी रु. | ५।०० |
| | २ किलोसम्म माछा, गंगटा बिक्री गर्न ल्याउनेसंग दैनिक कर नलिने । सो भन्दा बढी माछा, गंगटा बिक्री गर्नेबाट प्रति १० किलोमा दैनिक रु. | ५।०० |
| | माछा, मासु पकाई बिक्री गर्नेबाट दैनिक रु. | ५।०० |
| | रांगा, खसी, सुँगुर कांचो मासु काटी बिक्री गर्नेबाट दैनिक रु. | १५।०० |
| | गोरु, गाई, रांगा, भैसी, बाछा, बाछी, पाडा, पाडी, घोडा, घोडी, बछेडा, बछेडी चौपाया हाटमा खरिद बिक्री गर्ने दुवै थरीबाट रु.१००।०० मोलमा रु.१।००, रु.१।०० का दरले जम्मा सयकडा | २।०० |

| | | |
|---|---|---|
| | टहरामा बस्नेलाई थप दैनिक | १५।०० |

## अनुसूची ११
(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)

## पार्किङ्ग शुल्कको दर

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति ३ घण्टा (रु) |
|---|---|---|
| १. | तोकेको पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गरिने<br>क)बस, ट्रक, मिनी बस, ट्रयाक्टरलाई<br>ख)कार, जीप, भेनलाई<br>ग)मोटरसाइकल<br>घ)साइकल<br>नोटःउपरोक्त सवारी साधनहरु ३ घण्टाका लागि मात्र पार्किंग गर्न सकिनेछ । त्यसपछिप्रति ३ घण्टाको ५० प्रतिशत थप शुल्क लाग्नेछ । | ३०।००<br>२०।००<br>१०।००<br>५।०० |
| २.<br>. | बस पार्कमा पार्किङ्ग गरिने<br>क) मेची कोशीसम्म चल्ने बस,ट्रक, लहरीलाईपार्किंग शुल्क वापत रु.१०।०० तथा दैनिक सवारी कर वापत रु.२०।०० गरी पटके | ३०।०० |
| | ख) कोशी पारी सगरमाथा, जनकपुर, गाईघाटसम्म आउनेजाने बसहरुलाई पार्किंग शुल्क वापत रु.२०।०० तथा दैनिक सवारी कर वापत रु.२० गरीप्रति पटके जम्मा | ४०।०० |
| | ग)सोभन्दा लामो दुरी चल्ने (रात्री तथा दिवा) बसहरुलाई पाकिंग तथा पटके सवारी कर -दैनिक) | ७०।०० |
| | घ) विदेशी दर्ता नम्बर भएका सवारी साधनहरुमा माथिउल्लेखित दरको तेब्बर | |
| | | |

**अनुसूची १२**

(ऐनको दफा १२ को उपदफा(१), (२) र (३) संग सम्बन्धित)

## सेवा शूल्क, दस्तुरको दर

| क्र. सं. | सेवा वा व्यबसायको किसिम | रकम रु |
|---|---|---|
| **क)** | **सेवा शुल्क** | |
| १. | सर सफाई शुल्क | |
| | प्रत्येक व्यवसायीबाट प्रत्येक सटरवाट | |
| | क) रु.१,०००।- सम्म व्यवसाय कर तिर्नेलाई | 150.00 |
| | ख) रु.१,००१।- देखि ३,०००।- सम्म व्यवसाय करतिर्नेलाई | 250.00 |
| | ग) रु.३,००१।- देखि ५,०००।- सम्म व्यवसाय करतिर्नेलाइ | 500.00 |
| | घ) ५,००१।-माथि व्यवसाय कर तिर्नेलाइ | 700.00 |
| | प्रत्येक घरधनीवाट सम्पति करमा | |
| | क) १ तल्ला भएको पक्कि घरवाट बार्षिक | 100.00 |
| | ख) २ तल्ला भएको पक्कि घरवाट बार्षिक | 200.00 |
| | ग) ३ तल्ला वा सो भन्दा माथि भएको पक्कि घरवाट बार्षिक | 300.00 |
| | घ) १ तल्ला भएको टिनको छाना पक्कि घरवाट बार्षिक | 60.00 |
| | ङ) २ तल्ला भएको टिनको छाना पक्कि घरवाट बार्षिक | 100.00 |
| | पार्टि प्यालेस तथा होटलको अनुरोध गरेमा फोहरउठाएवापत उठाए वापत प्रति ट्रीप | 1,000.00 |
| २ | न.पा.शौचालय तर्फ | |
| | क) नुहाउने प्रति व्यक्ति | २०।०० |
| | ख) दिशा पिसाब गर्ने प्रति व्यक्ति | १०।०० |
| | ग) पिसाब गर्ने प्रति व्यक्ति | ५।०० |
| ३ | कान्जी हाउसतर्फ प्रति दिन | |
| | क) भैसी, रांगा, गाई, गोरु, घोडा, घोडी पांडा, पांडी, बाछा, बाछी, बछेडा, बछेडीमा दैनिक | १,०००।०० |
| | ख) बाख्रा, बाख्री पाठा, पाठी सुँगुर,गधामा दैनिक | ५००।०० |
| | ग) अन्यमा | ७००।०० |
| ४ | बार्षिक सवारी करतर्फ | |
| | क) बस, ट्रक, लरी | ३,०००।०० |
| | ख) जीप, कार, मिनी बस (भाडा) | १,०००।०० |
| | ग)मिनी बस (निजी) | १,०००।०० |
| | घ) टेम्पो | ५००।०० |
| | ङ) टेक्टर | १,७००।०० |
| | च) कार, टेम्पो, | ७००।०० |
| | छ) ठेला गाडी तथा रिक्शा | २५।०० |
| | ज) रांगा गाडी | ३५।०० |
| | झ) गोरु गाडी | २५।०० |
| | झ ) रिक्शा भेन (बोर्डिग स्कुल) | ७५।०० |
| | च) सामान बोक्ने रिक्शा भेन | ३५।०० |
| | छ) पावर टेलर | २००।०० |

| | | |
|---|---|---|
| ५ | पुर्वाधार उपभेग शुल्क पटके सवारी कर | |
| | क) कन्टेनर | १००।०० |
| | ख)ट्रीपर | १००।०० |
| | ग) रात्री बस | २०।०० |
| | घ) बस,ट्रक, लरी | २०।०० |
| | ङ) मिनी बस | १५।०० |
| | च) ट्रेक्टर | २०।०० |
| | छ) जीप,कार, टेम्पो | १५।०० |
| | ठ) गिटी, डुंगा ,बालुवा, बोल्डर, पराल, माटो लिईआउने प्रति ट्रकलाई (पटके सवारी कर छुट्टै लिने) | २०।०० |
| | ढ) गिटी, डुंगा,बालुवा, बोल्डर, पराल, माटो लिईआउने प्रति ट्रयाक्टरलाई -पटके सवारी कर छुट्टै लिने) | २०।०० |
| | ण) विदेशी दर्ता नम्बर भएका सवारी साधनहरुमा माथिउल्लेखित दरको | तेब्बर |
| **ख)** | **दस्तुर** | |
| १. | निवेदन तथा सिफारिस दस्तुर | |
| | निवेदन दस्तुर | १०।०० |
| | नक्कल दस्तुर नियमानुसार लाग्ने (प्रति पाना) | ५।०० |
| | नक्कल दस्तुर सम्पति कर | ३०।०० |
| | नक्कल दस्तुर सिफारिस | ५०।०० |
| | नक्कल दस्तुर नक्शा पास | ३००।०० |
| | नागरिकता वंशजको नाताले सिफारिस दस्तुर फारम सहित | १००।०० |
| | नागरिकता अंगीकृतको सिफारिश दस्तुर फारम सहित | ३००।०० |
| | नागरिकता प्रतिलिपी दस्तुर फारम सहित | १५०।०० |
| | मिलापत्र दस्तुर दुवै पक्षवाट | ५००।०० |
| | असाहयको हकमा नगरपालिकाले छूट दिन सकिने छ । | |
| | मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा/आधा बेहोरिने गरी) | ५ प्रतिशत |
| | नाता प्रमाणित दस्तुर नेपालीमा ( अग्रेजीमा नाता प्रमाणित दस्तुर थप रु ८००/- लाग्नेछ ) | २००।०० |
| | घर कायमको सिफारिश | ५५०।०० |
| | सरजमीन सिफारिश दस्तुर | ३००।०० |
| | उजुरी तथा मुद्दा दस्तुर | १००।०० |
| | चालचलन, तीन पुस्ते, नाता सम्बन्ध सम्बन्धी सिफारिश नेपाली | *२००।००* |
| | विद्युत, खानेपानीको सिफारिश | *२००।००* |
| | ३ फेसको विद्युत सिफारिस (उद्योग) | ५००।०० |
| | ३ फेसको विद्युत सिफारिस (कृषि) | १००।०० |
| | व्यवसाय नामसारी सिफारिश दस्तुर | ५००।०० |
| | व्यवसाय लगत कट्टा सिफारिश दस्तुर | ५००।०० |
| | माथि बाहेकका अन्य सिफारिस | २२०।०० |
| | चार किल्ला प्रमाणित / जग्गा नामसारी | |
| | १) १ कठ्ठा सम्मको जग्गामा | ४००।०० |
| | २) १ कठ्ठा माथि ३ कठ्ठासम्म | ७००।०० |
| | ३) ३ कठ्ठा माथि ५ कठ्ठासम्म | ९००।०० |
| | ४) ५ कठ्ठा माथि | १,२००।०० |
| | घर बाटो भए नभएको सिफारिस दस्तुर | |
| | १) कालोपत्रे बाटोले छोएको १ कठ्ठा सम्मको जग्गामा | ८००।०० |

| | | |
|---|---|---|
| | २) कालोपत्रे बाटोले छोएको १ कठ्ठा पछि थप प्रति कठ्ठा | १००।०० |
| | ३) ग्राभेल बाटोले छोएको जग्गामा १ कठ्ठा सम्मको जग्गामा | ६००।०० |
| | ४)ग्राभेल बाटोले छोएको जग्गामा १ क्ठ्टा पछि थप प्रति कठ्ठा | ८०।०० |
| | ५) कच्चि बाटोले छोएको जग्गामा १ कठ्ठा सम्मको जग्गामा | ४००।०० |
| | ६) कच्चि बाटोले छोएको जग्गामा १ कठ्ठा पछि थप प्रति कठ्ठा | ५०।०० |
| | ७) बाटोले नछोएको जग्गामा १ कठ्ठा सम्मको जग्गामा | ३००।०० |
| | ८) बाटोले नछोएको जग्गामा १ कठ्ठा पछि थप प्रति कठ्ठा | ४०।०० |
| | संघ संस्था दर्ता सिफारिश दस्तुर | १,०००।०० |
| | *अंग्रेजी भाषामा सिफारिश गराउदा सिफारिश दस्तुर वापत थप रु.३००/०० लाग्नेछ ।* | |
| | मोही लगत कट्टा सिफारिश | |
| | क) १ कठ्ठासम्मको | ५००।०० |
| | ख) १ कठ्ठादेखि माथि प्रति कठ्ठा थप | १००।०० |
| | उद्योग स्थापना सिफारिश दस्तुर | |
| | १) ठुलो उद्योग | १,५००।०० |
| | २) मझौला उद्योग | १,०००।०० |
| | ३) घरेलु उद्योग | ७००।०० |
| | व्यक्तिगत घटना दर्ता शुल्क | |
| | १) ३५ दिन भित्र दर्ता गर्न आएमा (निवेदन दस्तुर वापत मात्र) | १०।०० |
| | २) ३५ दिन पछि दर्ता गर्न आएमा | १००।०० |
| | ३) व्यक्तिगत घटना प्रमाण पत्रको प्रतिलिपी | १५०।०० |
| | निजी विद्यालय स्थापना दस्तुर | |
| | क) नयां विद्यालय स्थापना गर्न | ३,०००।०० |
| | ख) थप कक्षा सिफारिश प्रति कक्षा | १५००।०० |
| | ग) विद्यालय ठाउं सारी / नामसारी | १,०००।०० |
| | धनिपुर्जामा तिन पुस्ते कायम तथा संसोधन | ३००।०० |
| | लकडी प्राप्त गर्ने प्रयोजनको लागी | ३००।०० |
| | रुख काटने सिफारिस प्रति रुख | ५०।०० |
| | अपूतालिको सिफारिस दस्तुर | ५००।०० |
| | छुट जग्गा दर्ता सिफारिस | ५००।०० |
| | पेन्शन पट्टटाको को सिफारिस | २००।०० |
| | संस्थागत अनुरोधमा व्यक्ति विशेषलाई गरिएको किटानी सिफारिस | ५००।०० |
| | घर भत्काएर सामान ल्याउने सिफारिस | ५००।०० |
| | वाटो प्रमाणित | ८००।०० |
| २ | घर नक्शा पास दस्तुर | |
| | क) आर सि सि, आर वि सी, सिमेन्ट वा सुर्की चुना, बर्जीको जोडाइ , भुइतले पक्की घरलाई प्रति वर्ग फिट | ६।०० |
| | ख) आर सी सी, आर वि सी, सिमेन्ट वा सुर्की चुना इटाको जोडाइ भुइतला माथि पहिलो तल्ला लगाएमा प्रति वर्ग फिट | ७।०० |
| | ग) आर सी सी, आर वि सी, सिमेन्ट वा सुर्की चुना इटा को जोर्डाई माथिल्लो तलाका लागि दोश्रो तला वा सोभन्दा माथि थपी बनाएमा प्रतिवर्ग फिट | ७।०० |
| | घ) इटा, ढुंगा , सिमेन्ट जोडाइ भएको टिनको छाना भएको घरको प्रति वर्ग फिट | ५।०० |
| | ङ) दिवाल सेन्टर वेरा, छत कर्कटपाता भएको वा ए.सी सिटको छाना भएको घरलाई प्रति वर्ग फिट | ३।०० |
| | च) दिवाल काठको, छत कर्कटपाता भएको र अन्य सबैलाई (तर फुसको छाना, फुसको | |

| | | |
|---|---|---|
| | वेरा भएकोलाई घर नक्शा पास दस्तुर नलिने) प्रति वर्ग फिट | ३।०० |
| | छ) बाउण्ड्री वाल पक्कीलाई प्रति रनिंग फिट | ७।०० |
| | नोट :नक्शा पास गर्नु पर्ने नियम पछि नक्शा पास नगरी घर बनाएमा नियमानुसार लाग्ने दस्तुरमा प्रति वर्ग फुटको ५० प्रतिशत थप जरिवाना लिई नियमित गरिनेछ । | |
| | ज) नक्शा पास निवेदन फारम दस्तुर | ५००।०० |
| | झ) निर्माण सम्पन प्रमाण पत्र | १,०००।०० |
| | ञ) नामसारी प्रति घर RCC/RBC | १,०००।०० |
| | ट) नामसारी प्रति घर टिनको छाना पक्कि दिवाल | ७००।०० |
| | ठ) नामसारी प्रति घर अन्य घर | ५००।०० |
| | ड) स्थलगत सरजमिन | ३००।०० |
| | ढ) भवनको स्थलगत निरिक्षण दस्तुर | ८००।०० |
| | ण) घर निर्माण गर्दा सर सफाई शुल्क | ५००।०० |
| | सम्पत्ति मूल्यांकन दस्तुर | |
| | क) न.पा.इलाका भित्रको घर जग्गाको सम्पति मूल्यांकन गर्नु भएमा सो वापत सम्पत्ति धनीबाट प्रति हजारमा | १।०० |
| | ख) विदेश अध्ययनका लागि जाने विद्यार्थीहरुको हकमा सम्पत्ति मूल्यांकन सिफारिश दस्तुर | ३,०००।०० |
| | ग) विदेश अध्ययनका लागि जाने विद्यार्थीहरुको हकमा सम्पत्ति मूल्यांकन नलिई आयस्रोतको मात्र लिएमा सोको सिफारिश दस्तुर | ३,०००।०० |
| | मालपोत कार्यालयको लागी घर सिफिरिस गर्दा क बमोजिम दस्तुर लाग्नेछ । | |
| | धरजग्गाको सम्पति मुल्यांकन गर्नु परेमा सम्पति करको मुल्याकन अनुसार हुनेछ । | |
| ३ | **दर्ता, अनुमति नविकरण दस्तुर** | |
| | घ बर्गको निर्माण व्यवसायी | |
| | घ बर्गको निर्माण व्यवसायी इजाजत | **१००००।००** |
| | घ बर्गको निर्माण व्यवसायी नविकरण | **२०००।००** |
| | घ बर्गको निर्माण व्यवसायी नविकरण थप दस्तर | **२५००।००** |
| | घ बर्गको निर्माण व्यवसायी प्रमाण पत्र प्रतिलिपी | **२००।००** |
| | ख) सहकारी संस्था | १,०००।०० |
| | ग) एफ.एम. रेडियो | २,०००।०० |
| | घ) संस्थागत विद्यालय स्थापना | ३,०००।०० |
| | ङ) ट्युसन तथा कोचिङ्ग सेन्टर | १,०००।०० |
| | च) औषधी पसल | ३,०००।०० |
| ४ | अन्य | |
| | क)पशुसेवा तर्फ | |
| | सामान्य पशु गाइ भैसी टिकट शुल्क | १०.०० |
| | सामान्य पशु भेडा बाख्रा टिकट शुल्क | ५.०० |
| | कुकुर बिरालो टिकट शुल्क | २५.०० |
| | पशु बन्ध्याकरण | १५.०० |
| | पेस्टमाटम | १५.०० |
| | कृतिम गर्भधारण | २५.०० |
| | ख) कृर्षि | |

| | | |
|---|---|---|
| | समुह दर्ता | ५००.०० |
| | समुह नविकरण | २००.०० |
| | ग) कार्ड दस्तुर | |
| | १) पारिवारि लगत कार्डको दस्तुर नया | २५।०० |
| | २) पारिवारि लगत कार्डको प्रतिलिपी दस्तुर | ५०।०० |
| | ३) पारिवारि लगत कार्डको थप घट दस्तुर | २५।०० |
| | ४) व्यवसाय प्रमाण पत्रको कार्डको दस्तुर | ५०।०० |
| | ५) फोटोकपी दस्तुर प्रति पाना | २।०० |
| | घ)भाडा | |
| | १) सभा कक्ष हल भाडा दैनिक | १,५००।०० |
| | २) तालिम केन्द्र हल भाडा दैनिक | ५००।०० |
| | ३) मल्टिमिडिया भाडा दैनिक | १,०००।०० |
| | ४) व्याक हो लोडर प्रति घण्टा (र्सवसाधरणलाई) | १,८००।०० |
| | ५) व्याक हो लोडर प्रति घण्टा (न.पा.को उपभोक्ता समितिलाई) | १,७००।०० |
| | ६) सेक्सन मिसन भाडा पहिलो टिप | ३,०००।०० |
| | ७)सेक्सन मिसन भाडा पहिलो टिप पछि प्रति टिप | २,०००।०० |
| | ८) रोलर (र्सवसाधरणलाई) प्रति दिन इन्धन बाहेक | ७,०००।०० |
| | ९) रोलर (न.पा.को उपभोक्ता समितिलाई) प्रति दिन इन्धन बाहेक | ६,०००।०० |
| | विद्युत लाइनतर्फ | |
| | क) केन्द्रीय विद्युत प्रशारण लाइनको प्रति खम्बा रु. | ५,०००।०० |
| | ख) प्रति ट्रान्सफर रु. | ३,०००।०० |
| | ग) साधारण खम्बा रु. | १,५००।०० |
| | घ) सबै किसिमका तारको प्रति मिटर रु. | १।०० |
| | खानेपानी संस्थान/ उपभोक्ता समितितर्फ | |
| | क) पाइप विछाएको प्रति मिटर रु. | १।०० |
| | नेपाल टेलिकमतर्फः | |
| | क) भूमिगत केवुल मेनहोलको रु. | ५,०००।०० |
| | ख) टेलिफोन क्याविनेट प्रति रु. | २,०००।०० |
| | ग) केबल तार प्रति मिटर रु. | १।०० |
| | घ) केबल तार तानेको प्रति खम्बा रु. | ५००।०० |
| | अस्थायी बांसे पूलको दर रेट | |
| | क) मान्छेलाई प्रति पटक | निशुल्क |
| | ख) मान्छे सहित साइकल प्रति पटक | ५।०० |
| | ग) इरिक्सा / टेम्पोलाई प्रति पटक | १५।०० |
| | घ) मोटरसाइकल प्रति पटक | १०।०० |
| | ङ) मारुती तथा अन्य भेन प्रति पटक | ५०।०० |
| | तारघाट लौरी (डुंगा) कर | |
| | मानिस प्रति व्यक्ति | १०।०० |
| | मोटरसाईल प्रति पटक | ४०।०० |
| | साईकल प्रति पटक | १०।०० |
| | साग सव्जि प्रति टोकरी | ५।०० |
| | गाई, गोरु, घोडा तारेको एक पटक तारेको | १०।०० |
| | रांगा तथा लदुवा घोडा भारी समेतको | १०।०० |
| | बाखा, खसि एक पटक तारेको | १०।०० |

| | | |
|---|---|---|
| | पटुवा प्रति मन | १०।०० |
| | अनाज प्रति मन | ५।०० |

**अनुसूची १३**

(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)

## विक्री तथा निकासी शुल्क दस्तुरको दर

| क. सं. | बिक्री तथा निकासी हुने बस्तु | शुल्क दस्तुर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री प्रति घनफीट :<br>क) ढुंगा, गिट्टी,रोडा,ग्रावेल<br>ख) बालुवा<br>ग) माटो ,काठ दाउरा, जराजुरी | <br>३।००<br>२।५०<br>१।२५ | |
| २. | आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी प्रति घनफीट :<br>क) ढुंगा, गिट्टी,रोडा,ग्रावेल<br>ख) बालुवा<br>ग) माटो, काठ दाउरा, जराजुरी | <br>३।००<br>२।५०<br>१।२५ | |

आज्ञाले

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत